# इतिहासमा दलित महिला

- पद्मलाल विश्वकर्मा

**दलितको परिभाषा :**

*सामन्तवादी हिन्दू सामाजिक संरचना भित्र आधारभूत पेशा, व्यवसाय, सीप तथा कला क्षेत्रमा संलग्न रहँदै आएका कारण चरम जातीय विभेद र अमानवीय छुआछूतको उत्पीडन भोग्दै आएको समुदायनै दलित हो ।* भारतीय उपमहाद्वीपमा आर्यहरुले चलाएको वर्णव्यवस्था कालक्रममा 'वर्णाश्रमधर्म' (हिन्दू धर्म) बन्न पुग्यो । यसर्थ प्रारम्भमा वर्ण व्यवस्था अंगीकार गर्ने 'आर्य जाति' भित्र विविध कारणले जातिच्यूत गरिएका आधारभूत तहका जनता मात्रै दलित थिए तर हिन्दू धर्मको विस्तार तथा हिन्दू आर्य राजा-महाराजाको शासनमा द्रविड र मंगोल नश्ल लगायतका जनताहरु माथि पनि वर्णव्यवस्था र छुआछूतको चलन लादियो । वर्णव्यवस्था भित्रको 'शूद्र' वर्णबाट हटाएर अजात तथा अछूत बनाएको समूहनै दलित हो । त्यसैले अछूतलाई वर्णव्यवस्था भित्रै समेटन कसै कसैले 'अतिशूद्र' वा 'पञ्चमवर्ण' पनि भन्ने गरेको पाइन्छ । तर त्यस्तो पञ्चमवर्णको उल्लेख शास्त्रमा भेटिदैन ।

आजका जनजाति लगायतका गैर-आर्य जातिका समूहभित्र पनि छुवाछूत सहितको वर्णव्यवस्था लादियो । परिणामस्वरुप वर्तमानका खस, जनजाति एवं मधेशी समाजभित्र पनि दलितहरु छन् । यसैले 'दलित जाति' भन्दा खस जाति भित्रका समूह मात्रै बुझिन्छ । तसर्थ खस, नेबारी (जनजाति) र मधेशी लगायतका समुदायबाट समेत अछूत बनाइएका समग्र समुदायलाई 'दलित' मात्रै मन्नु उपयुक्त हुन्छ ।

**"दलित महिला"** भन्नाले दलित समुदायभित्रका सम्पूर्ण महिलाहरुलाई बुझिन्छ ।

**जातपात र छुआछूत प्रथाको उदय र विकास :**

भारतीय उपमहाद्वीपभित्र करिब २५०० वर्ष अघिदेखि उदय भएको वर्णाश्रमव्यवस्था भित्र करिब १५०० वर्ष अघिदेखि जातीय छुवाछूत प्रथा पनि थपिएको पुष्टि हुन्छ । सामन्तवादी वर्णाश्रमी व्यवस्थाले आधारभूत श्रमिक एवं कलाकार तप्काका जनतालाई सदा-सर्वदा आर्थिक शोषण गर्ने ध्ययले छुवाछूत सहितको जातीय भेदभावको चरम दुर्व्यवहार हुदै आएको कुरा कसैबाट लुकेको छैन । उच-नीच एवं छूत-अछूतसम्मको स्तरीकरण दलित र गैरदलित बीचमा मात्रै सीमित नभई दलित-दलितभित्रै पनि विविधरुपमा कायम रहनुले शोषित-उत्पीडित समुदाय बीचमा पनि आपसी विभाजन हुनुले शोषण-दमनका विरुद्ध एकतावद्ध विद्रोह हुन सक्ने स्थिति रहेन । सिंगो समाजलाई जातपात र छुवाछूतको स्तरमा विभाजित गरी फुटाएर शासन गर्ने नीतिलाइ हिन्दू सामन्तवादी वर्णव्यवस्था निरन्तर सफल रहदै आयो ।

**पौराणिक पृष्टमूमि :**

वैदिक कालमा महिलाहरु स्वतन्त्र थिए । विस्तारै स्मृतिकालतिर पुग्दा यिनीहरुको हक खोसिन्दै गयो र परतन्त्र, निस्सहाय एवं दुर्वल ठानिन थालियो । मनुले समग्र

समाजलाई जातिप्रथा खडा गरेर विभाजित गराउने काम मात्र गरेनन् बरु श्रमजीवी भित्रका सोझा सीधा तप्कालाई “अछूत” बनाए । मनुस्मृति अनुसार महिला, शूद्र एवं दासलाई नीच घोषित गरी उनीहरुमाथि क्रुरतापूर्ण व्यवहार गर्ने सिद्धान्त बन्यो । महिलाहरुमा अशुद्ध इच्छाहरु, कुविचार, बेईमानी एवं कुआचरणले बास गरेको हुन्छ भन्ने मनुको महिला सम्बन्धी धारणा देखिन्छ । (मनु ९:१७) । त्यसरी नै शूद्र महिला सबै वर्णका मान्छेहरुकी पत्नी बन्न सक्दथी तर शूद्रचाहिँ अरु कुनै वर्णकी महिलासंग विवाह गर्न सक्दैनथियो, गरेमा कठोर दण्डको भागि हुन्थ्यो (मनु ३:१३) । मनुस्मृतिमा स्पष्ट भनिएको छ “पिता रक्षति कौमारे, भर्ता रक्षति यौवने, रक्षति स्थविरे पुत्रा न स्त्री स्वातंत्र्यमर्हति” (मनु ९:१५) । त्यसरी नै दलित महिलाको हकमा मनु विधान अनुसार सवर्णले दलित कन्यासंग विवाह वा सम्भोग गर्न सक्थयो र मन्त्रद्वारा शुद्ध पनि हुन सक्थयो (मनु ९:१८) । यसरी पौराणिक कालमा महिलामाथि भएको ज्यादति खुलस्त हुन्छ ।

आजको २१ सौं शताब्दीको युगमा पनि दलित महिलाको अवस्था कारुणिक देखिन्छ । दलित महिलामाथि तेहरो शोषण लादिएको छ । उनी लिंगले महिला, जातिले दलित अनि वर्गले गरीब हुन पुगिन् । दलित महिलामाथि शोषणको कुरा गर्दा धार्मिक, सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा निर्धनता जस्ता कुरा जन्मैदेखि मिलेको हो । दलित महिला दैनिक जीवनमा अनेक प्रकारका दमनको शिकार हुँदै आएका छन् । छोरीको रुपमा जन्मेको कारणले घरमा र अछूत जातिमा जन्मेको कारण समाजमा अपमानित हुनु पर्छ ।

**नेपालको इतिहासमा दलित महिला :**

पृथ्वीनारायण शाहको गोरखा दरवारमा बिसे नगर्ची, मनीराम गाइने, काले सार्की, जसवीरे कामी लगायतका दलितिहरुको उल्लेख्य भूमिका पाइन्छ तर दलित महिलाहरुको चर्चा भेटिदैन । यद्यपि बिसे नगर्चीकी पत्नी देउकीले पृथ्वीनारायण र विसे बीच सम्वाद हुँदाका बखत चर्को भाउ घटाउन माग गरिन् र राजाले उनलाई लैनो भैसी बकस दिएको प्रसंग भेटिन्छ (भीमनिधि तिवारी रचित एकांकी *बिसे नगर्ची*, पृ. ७) । यसबाट के प्रष्ट हुन्छ भने दलित सहयोगीहरुका पत्नीहरुको पनि नेपाल एकीकरण प्रकृयाको हिस्सा बन्ने काममा कम भूमिका थिएन तर प्रसंगमा भेटिदैन । नेपाल एकीकरण अभियानमा दलित पुरुषले महत्वपूर्ण योगदान पुऱ्याउँदा दलित महिलाहरुले गरेको भरथेग छुट्नु दुःखद हुन पुग्यो । उसोत समग्र दलितहरु नै ओझेलमा रहनु पर्दा दलित महिलाहरुको ठाउँ नभेट्नु नया कुरा होइन ।

माथवर सिंह थापाले हीरा गाइनेनीलाई नेपालको दरवारमा कर्खागाइकीको रुपमा स्थान दिएका थिए र उनले त्यतिबेला गीतको माध्यमले जागरणको लहर उठाइन् । नेपाली दलित महिलाले नेपालको दरवारमा माथिल्लो स्थान पाएको त्यो नै पहिलो घटना हो ।

## दलित आन्दोलन र महिला :

बि. सं. १९९६ देखि सिंहदरवारमा कुचीकारको जागीर खादैं गरेकी राममायाँ च्यामेनीले प्रजातान्त्रिक आन्दोलनमा पुऱ्याएको योगदान अविस्मरणीय छ । नेपालको प्रजातान्त्रिक आन्दोलनको संगीन घडी बि. सं. १९९७ मा क्रुर राणा सरकारले देशभक्त योद्धाहरु दशरथचन्द, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, गणेशमान सिंह लगायतका योद्धाहरुलाई सिंहदरवारको यातना गृहमा बन्दी बनाएर राखेको थियो । त्यस ठाउँमा सफाइ काममा खटिएकी राममायाले आफ्नो ज्यानलाई हत्केलामा राखेर बन्दी क्रान्तिकारी योद्धाहरु र पार्टी तथा वहाँहरुका परिवारबीच गोप्यरुपमा सूचना लिनेदिने साहसिक काम गर्नुका साथै कैदखानाभित्र वहाँहरुलाई सक्दो सहयोग पुऱ्याएर समग्र प्रजातान्त्रिक बहालीको संघर्षमा दलित महिलाको तर्फबाट सर्वप्रथम भूमिका निर्वाह गरेको मान्नु पर्छ ।

राणा कालिन समयमा सामाजिक न्याय र समानताका पक्षमा खुलेर संघर्ष गर्ने दलित महिला गोथी वस्सेल (बि. सं. १९५७ - २०१०) पनि हुन् । बि. सं. २००० तिर तेह्रथुमको आठराई क्षेत्रमा माथिल्ला जातकाहरुले सार्वजनिक ठाउँमा दलित माथि गर्ने गरेको विभेद तथा अरु होचीअर्घेलीका विरुद्ध गोथीले दरो संघर्ष गरेको भेटिन्छ ।

बि. सं. २००० देखि वाग्लुङ्ग क्षेत्रमा भगत सर्वजीत विश्वकर्मा (रगरगे) ले संगठित रुपमा दलित आन्दोलनको शुरुआत गरे । बि. सं. २००३ तिर उनको नेतृत्वमा “विश्वकर्मा सर्वजन संघ” बन्यो । त्यसबेला वाग्लुङ्ग, पर्वत र म्याग्दी समेतका हजारौं दलितहरुको सार्वजनिक भेला हुने गरेको प्रमाण पाइन्छ । महिलाहरु पनि प्रसस्तै सहभागि हुने गर्थे तर दुर्भाग्यवश त्यस बेलाको नेतृत्व पंक्तीमा महिला समावेश भएको प्रमाण पाइँदैन । त्यस संगठनले सरकारसंग छूतभेदको अन्त्य, सामाजिक न्यायका साथै गोलकर मिनाहा लगायतका मागहरु राखे पनि महिलाहरुको हक बारे बोलेको भेटिदैन । २०१५ मा पुनर्गठित भई मनबीर विश्वकर्माको नेतृत्वमा बनेको उक्त संगठनको ५५ सदस्यीय कार्यकारिणी समितिमा दलित महिला परेको भेटिदैन । विश्वकर्माका नामबाट बनेको भए पनि उक्त संस्थाको नेतृत्वमा चर्मकार र परियारहरु समेटिएका थिए तर महिला छुट्नुले के स्पष्ट हुन्छ भने दलित समाज पनि

सामन्तवादी सामाजिक संरचनाकै प्रतिविम्ब थियो अनि पुरुष प्रधान समाजमा महिलालाई विभेदी दृष्टिले हेरिन्थ्यो ।

बि. सं २००७ को जनक्रान्तिका सेनानी लालबहादुर परियार २००७ पछि गठित सरकारको पाल्पाका बडा हाकिम सम्म भए । उनले २०२४ मा नेपाल राष्ट्रिय दलित जनविकास परिषद् चितवनको सभापतित्व गरी दलित अधिकारको आन्दोलन चलाएका थिए । उनकी श्रीमती नेपाल्नी (श्री ३ की केटी, दरवारकी धाईआमा) ले दलित संगठन र आन्दोलनमा आफ्ना पतिलाई साथ सहयोग गरेको पाइन्छ (रनेन्द्र बराली, नेपालमा अछूत जातीय संघर्ष, २०३८, पृष्ट २४) ।

त्यसरीनै पाल्पा, चितवन र नवलपरासी भेगमा दलित हक बहालीका लागि सशक्त योगदान दिने गंगाबहादुर परियार (बि. सं. १९७७ - २०३२) की पत्नी (नाम थाहा नभएको) ले पनि शारदा नगरमा महिला संगठन खोलेर आफ्ना पतिलाई जातीय संघर्षमा भरमक्दुर साथ दिएको भेटिन्छ (उही पृष्ट ३४) ।

बि. सं. २००८ मा धरानमा जदुवीर रसाइलीले नेतृत्व गरेको “निम्न समाज सुधार संघ” काठमाडौंमा सहर्षनाथ कपालीले नेतृत्व गरेको “टेलर यूनियन” अनि त्यही वर्ष ती दूइटाको एकीकृत संस्था “जात तोड मण्डल” अनि २००९ मा बनेको “समाज सुधार संघ” समेतमा पनि महिलाहरुलाई नेतृत्वमा समेटेको पाइँदैन । २०११ सालमा भएको ऐतिहासिक पशुपतिनाथ मन्दिर प्रवेश संघर्षमा ७०० भन्दा बढी सहभागीहरु मध्ये ४०० जति दलित महिलाहरु नै थिए । सरकारको दमनका क्रममा उनीहरु सांघातिक हमलाका शिकार भए । उनीहरुमध्ये धेरै जसो गिरफ्तार समेत हुन पुगे । दलित महिला समेत सहभागि भएको यो उल्लेखनीय घटना ठहरिन्छ ।

मीठाई देवी कपाली (पछि विश्वकर्मा) ले दलित महिलाहरुलाई संगठित गरी २०१२ मा “परिगणित नारी संघ” खोलिन् र दलित महिलाको अधिकारको सबालमा पहिलो संगठित प्रयास गरिन् । २०१४ को सत्याग्रह आन्दोलनमा मिठाईदेवी सहित कैयौं दलित महिलाहरु सहभागि भएको पाइन्छ ।

बि. सं. २०१८-१९ मा सुदूर पश्चिम डोटीमा तीखे नगर्ची र टीकाराम पार्कीको अगुवाइमा जातीय विभेद र दमनका विरुद्ध चलेको संघर्षका बेला दलित महिलाहरु पनि सहभागी भए पनि त्यस बेला अगुवा व्यक्तिहरुको चर्चामा महिलाको नाम भेटिँदैन ।

बि. सं. २०१९ मा बनेको “नेपाल राष्ट्रिय परिगणित परिषद्” देखि २०२४ मा पुनर्गठित भएको “नेपाल राष्ट्रिय दलित जनविकास परिषद्” अनि २०३४ मा यसैको संशोधित नाम “नेपाल राष्ट्रिय जनविकास परिषद्” सम्ममा पनि नेतृत्वमा महिला समावेश भएको भेटिदैन ।

पूर्वको भोजपुर क्षेत्रमा २००७ पछि सार्वजनिक क्षेत्रमा दलितमाथि हुँदै आएको भेदभाव विरुद्धमा स्वतःस्फूर्तरुपले संघर्ष चलाउने व्यक्तित्वका रुपमा चर्चित हुन पुगिन् लालकुमारी विश्वकर्मा (ठूली कमिनी) । तत्कालिन निरंकुश शासन र ब्राम्हणवादी समाजलाई चुनौती दिँदै उनको नेतृत्वमा २०२१ सालमा भोजपुरको सिद्धकाली मन्दिर प्रवेश आन्दोलन चल्यो । भोजपुर देउराली प्रा. वि. को स्थापना गर्ने अनि दलित विद्यार्थीलाई आर्थिक सहयोग जुटाउने अभियानकी अगुवा मानिन्छिन् उनी । जातीय विभेद र अपमान विरुद्ध दलित समुदायको संगठित नेतृत्व गर्दै अगाडि बढने क्रममा उनी माथि सामाजिक द्रोहको आरोप लाग्यो र पटक-पटक पक्राउ पर्नुपऱ्यो । उनी पञ्चायत कालमा तत्कालिन महिला संगठनको भोजपुर जिल्ला उपसभापति समेत बन्न पुगिन् ।

२०२३-२५ सम्म नेपाल राष्ट्रिय दलित जन विकास परिषद्को नेतृत्वमा चितवनमा चलेको व्यापक संघर्षका बेला महिलाहरुको ठूलो सहभागिता रहेको थियो तर त्यतिबेला नेतृत्व पंक्तिमा महिलाहरु रहेको देखिदैन । २०३६ मा काठमाडौंमा शंकर विश्वकर्माको नेतृत्वमा गठित (यो लेखक पनि कार्यकारिणी समिति सदस्य रहेको) “समाज सुधार संघ” मा महिलाको प्रतिनिधित्व हुन नसकेको तीतो सत्य स्वीकार्नै पर्छ । २०३९ मा पुनर्गठित नेपाल राष्ट्रिय दलित जनविकास परिषद्को नेतृत्व पंक्तिमा पनि दलित महिला रहेको पाइँदैन ।

बि. सं. २०४४ मा गठन भएको “जातीय विभेद उन्मूलन मञ्च” मा कमला हेमचुरी सचिव बन्न पुगिन् । २०४५ मा गठित “उत्पीडित जातीय उत्थान मञ्चको दस सदस्य केन्द्रीय समिति सदस्यमा बसुदेवी देउला रहेकी थिइन् । २०४५ मा पुनर्गठित “नेपाल राष्ट्रिय दलित जनविकास परिषद्” को नेतृत्वमा मिठाई देवी विश्वकर्मा रहेको पाइन्छ । बि. सं. २०४५ मा नेकपा मशाल पक्षीय दलित संगठनका रुपमा “जातीय समता समाज” को गठन हुँदा महिला सहभागिता देखिँदैन । तर पछि त्यस संस्थाको नेतृत्वमा धनरुपा बि. क. रहेको देखिन्छ ।

बि. सं. २०४९ मा तत्कालिन उत्पीडित जातीय उत्थान मञ्च र नेपाल राष्ट्रिय दलित जनविकास परिषद् एकीकृत भई निर्मित हुन पुगेको “नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज” को केन्द्रीय नेतृत्वमा मीठाई देवी विश्वकर्मा र बसुदेवी देउला

रहेको थिए । यस संगठनको केन्द्रीय नेतृत्वमा २०५५ देखि मीठाई देवी विश्वकर्मा, रेश्मा दास र शरिता बराइली रहेका छन् ।

नेपाल दलित संघको केन्द्रीय नेतृत्वमा श्रीमती राजन विश्वकर्मा र पूर्ण कुमारी सुनार रहेको देखिन्छ । त्यसरीनै "नेपाल उत्पीडित जातीय मुक्ति समाज" को केन्द्रीय नेतृत्वमा पहिले यमकुमारी बि. क. र सीता सुन्दास रहेका थिए भने २०६१ पछि त्यसको नेतृत्वमा टेकू नेपाली र शान्ती विश्वकर्मा रहेको पाइन्छ । नेका (प्र) पक्षिय "नेपाल दलित संघ" को केन्द्रीय नेतृत्वमा सुजाता परियार र विष्णु परियार रहेका छन् । त्यसैगरी नेकपा माओवादी पक्षीय "दलित मुक्ति मोर्चाको २०५५ को संयोजक संतोषी बि. क. रहेकी थिइन् भने त्यस पछि पनि उनी र निर्मला बि. क. केन्द्रीय नेतृत्वमा रहँदै आएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी पक्षीय "राष्ट्रिय प्रजातान्त्रिक उत्पीडित जनउत्थान संगठन" को २०५६ पछिको केन्द्रीय सदस्यमा जशुदा बि. क. र विष्णुमाया भुजेल रहेको पाइन्छ ।

२०५३ मा गठित "दलित साहित्य तथा सांस्कृतिक प्रतिष्ठान" को ३१ जना सदस्यमा मीठाई देवी मात्र रहेकी थिइन् भने २०५७ पछिको त्यसको नेतृत्व पंक्तिमा मीठाई देवी विश्वकर्मा, उर्मिला देवी विश्वकर्मा र पञ्चकुमारी परियार रहेका छन् ।

यी दलित संगठनहरुले जातीय विभेद, लैगिक विभेद र छुवाछूत विरोधी संघर्षमा ठूलो भूमिका निभाएको कुरा सर्वविदित्त छ । महिलाहरुको संलग्नता रहेका दलित संगठन र आन्दोलनले दलित महिला हक बहालीको क्षेत्रमा आवश्यक कार्यसूची बनाएको र संघर्ष चलाएको स्पष्ट देखिन्छ ।

नेपाल दलित श्रमिक मोर्चा, २०५३ को १७ सदस्यीय केन्द्रीय कमिटी सदस्यमा श्रीमती धर्म नेपाली रहेकी थिइन् ।

२००७ को राजनैतिक परिवर्तन पश्चात नेपालमा स्थापित नेपाली काँग्रेस, नेपाल कम्यूनिष्ट पार्टी लगायतका पार्टी नेतृत्व पंक्तिमा दलित महिला भेटिदैनन् । त्यतिबेलाको सल्लाहाकार सभा र माथिल्लो सभामा दलित पुरुषहरुको नगन्य प्रतिनिधित्व देखिन्छ तर दलित महिला देखिँदैनन् । त्यसैगरी पञ्चायतकाल भरि ३ जना विश्वकर्माहरु राष्ट्रिय पञ्चायत सदस्यमा मनोनित भए तर महिलाले त्यस्तो मौका पाएनन् ।

२०४६ को जनआन्दोलनमा रेखा विश्वकर्मा र पम्फा खड्गी (शाही) सेनाको गोलीबाट शाहदत भए तर उनीहरुले प्रजातान्त्रिक आन्दोलनमा दिएको बलिदानलाई राज्यले स्थान दिन नसक्नु दुर्भाग्यपूर्ण बनेको छ । २०४६ पछि स्थापित बहुदलीय प्रणाली अन्तर्गत प्रतिनिधि सभामा एक जना र राष्ट्रिय सभामा ७ जना दलित पुग्दा पनि दलित महिला परेनन् । काँग्रेस, एमाले, राप्रपा, सद्भावना लगायतका पार्टीहरुको केन्द्रिय नेतृत्वमा दलित महिला रहेका छैनन् भने यी पार्टीहरुका तल्ला निकायका जनसंगठनहरुमा अपवादका रुपमा दलित महिला परेका छन् । उदाहरणार्थ नेकपा एमालेको भगिनी संगठन अखिल नेपाल महिला संघको केन्द्रीय सदस्यमा रिमा नेपाली परेकी छन् र निरंकुशता विरोधी जारी आन्दोलनमा क्रियाशील छन् ।

२०५२ देखि जारी रहेको नेकपा (माओवादी) को जनयुद्धका क्रममा हालसम्म लली रोक्का (रोल्पा) देखी रेखा विश्वकर्मा (सप्तरी) समेत सयौंको संख्यामा दलित महिलाहरुले संघर्षकै क्रममा ज्यान गुमाइ सकेका छन् । यस जनयुद्धमा लागेका दलित महिलाहरुले सिंगो सामन्तवादी राज्य संरचनालाई भत्काएर समतावादी समाज निर्माणको महान लक्ष्य राखेको स्पष्ट छ । यस आन्दोलनले सिंगो दलित माथि हुने गरेका जातीय विभेद, छुवाछूत तथा सबै प्रकारका शोषणको मुद्दालाई बहसमा ल्याई दिएकोले दलित महिलाहरुले यस आन्दोलनमा पुऱ्याएको योगदानलाई कम आँक्न मिल्दैन ।

२०५७ मा नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजले दलितहरुको अधिकार बहालीका निम्ति ९ शूत्रीय माग राखेर चलाएको “सिंहदरवार घेराउ (असार ८)” तथा भद्रकालीमा गरेको “अनशन कार्यक्रम” (असार १०-१४) बेला पुरुषहरु सरह मीठाई देवी विश्वकर्मा, रेश्मा दास, शरिता बराइली, उर्मिला देवी विश्वकर्मा लगायतका कैयौं महिलाहरु सिंहदरवार घेराउ कार्यक्रममा गिरफ्तार भएका थिए भने अनशनमा पनि सहभगी भएका थिए । यो घटना दलित आन्दोलनमा दलित महिलाको सहभागिताका हिसाबले उल्लेखनीय रहेको छ ।

नेपाल स्वतन्त्र दलित विद्यार्थी संगठन, २०५८ को २१ सदस्यीय केन्द्रीय नेतृत्व पंक्तिमा अनिता परियार, धनकुमारी सुनार, पञ्चकुमारी परियार र गोमा सुनार रहेको देखिन्छ । यस संगठनको पहलमा २०६० मा आरक्षण बहालीको संघर्ष उठ्यो जसमा रत्नपार्कमा भएको संविधान जलाएपछिको कार्यक्रममा धनकुमारी सुनारले राज्य सत्तालाई चुनौतीपूर्ण ढंगले लल्कारेको घटना महत्वपूर्ण छ ।

यही वर्ष देखा परेको “नेपाल राष्ट्रिय दलित मुक्ति संगठन” को ३० सदस्यीय केन्द्रीय नेतृत्वमा रीता मानुषी, अन्जना बिसंखे, अनिता परियार, हीरा देवी दास, जानकी सुनार, हरीमाया सुनार र रीता महरा रहेको छन् ।

दलित आन्दोलनको आंशिक उपलब्धीस्वरुप २०५४ मा गठित “उत्पीडित, उपेक्षित दलित वर्ग उत्थान विकास समिति” लाई ५ पटक सम्म पुनर्गठन हुँदा पनि १ जना समेत दलित महिला परेनन् तर एउटी बाहुनी सावित्री भूसाल भने २०५५ मा यसको कार्यकारी निर्देशक हुन पुगेको घटना हास्यास्पद रहेको छ । २०५८ मा गठित दलित आयोगको सदस्य सचिवको रुपमा दुर्गा शोभ चयन हुनु भएको थियो तर बाँकी पदाधिकारीहरु सबै पुरुष थिए । एक महिलाको हैसियतले दलित आयोगमा उनले पुऱ्याएको योगदान कम मान्न मिल्दैन ।

गतवर्ष समाज कल्याण परिषद्को एउटा निकायमा उमादेवी वादी चयन भएपछि उनले त्यस निकायमा वादी महिलाका समस्याहरुलाई राख्ने काम गर्दैआएकी छन् । त्यसरी नै देहव्यापारमा धकेलिएका वादी महिलाहरुको मुक्ति संघर्षमा संलग्न रहँदै आएको “वादी महिला समन्वय समिति” का सगुनी नेपाली, मन्जु नेपाली तथा उमा वादी लगायतका सक्रिय महिलाहरुले परम्पराका नाउँमा कतिपय वादी महिलाहरु माथि हुँदै आएको यौन शोषणका विरुद्धमा जोडदार संघर्ष गर्दै आएको कुरा प्रशंशा योग्य छ ।

२०५६ चैत्र ४ मा घटेको लहान चमार काण्ड विरुद्ध गठित संघर्ष समितिमा महिलाको संलग्नता देखिएन । यद्यपि उक्त चमार काण्डका पीडितमध्ये सिंहादेवी महरा लगायतका थुप्रै चमार महिलाहरु आन्दोलनमा उत्रेका थिए । खासगरी त्यस चमार नाकाबन्दी कर्ताहरुले चमार महिलाहरुमाथि बढी सांघातिक हमला गरेका थिए । तथापि सबै भन्दा बढी दमनका शिकार दलित महिलाको नाम अत्तो-पत्तो नहुनुले पनि दलित महिला प्रतिको मधेशी दृष्टि बारे प्रष्ट हुन्छ ।

**परियोजनामुखी दलित गैरसरकारी संस्थामा दलित महिला :**

पञ्चायतकालदेखि नै देखा परेको “नेपाल राष्ट्रिय समाज कल्याण संघ” को केन्द्रीय नेतृत्वमा दलित महिला रहेको देखिदैन । यद्यपि अन्य दलित गैससहरुले उठाउँदै आएका महिला अधिकारका कार्यक्रमहरु यसले पनि गर्दै आएको देखिन्छ ।

२०५८ मा “दलित टास्कफोर्स ग्रुप” को रुपमा देखा परेको र पछि २०५१ मा “दलित सेवा संघ” बने पछि यस्को केन्द्रीय सदस्यमा मीना स्वर्णकार र संगीता नेपाली रहेका

थिए । यस संस्थाका शारदा सिंह, पविता परियार जस्ता महिलाहरुले रेडियो कार्यक्रम तथा गीतका माध्यमबाट सिंगै दलितहरुलाई आफ्नो अधिकारका निम्ति जागृत गर्दै आएको कुरा प्रशंशनीय छ ।

२०५१ मा गठित “दलित महिला संघ” को अध्यक्ष पदमा दुर्गा शोभ रहनु भयो । यसको प्रथम सचिवको रुपमा कमला हेमचुरी रहेकी थिइन भने पछि गएर अम्बिका गजमेर सो पदमा रहेकी छन् । यस संस्थाको १२ सदस्यीय केन्द्रीय नेतृत्वमा ६ जना विश्वकर्मा, ३ जना परियार, १ जना मधेशी अनि १ जना सार्की महिलाहरु रेहेका छन् । अझै पनि गाइने, बादी, नेवारी दलित लगायतका महिलाहरुको प्रतिनिधित्व रहेको देखिदैन । दलित महिला संघ पनि दलित संगठनहरुमा विश्वकर्मा हाबी हुने रोगबाट मुक्त हुन सकेको छैन ।

२०५५ मा गठित “नेपाल दलित महिला उत्थान संघ” को नेतृत्व विष्णुमाया परियारले गरेकीछन् भने त्यसमा गोमा सुनार लगायतका महिलाहरु सम्बद्ध छन् । यसले पनि महिला अधिकारका सबालमा छिटपुट कार्यक्रमहरु सञ्चालन गर्दै आएको पाइन्छ ।

२०५५ तिर सुभद्रा विश्वकर्माले अध्यक्षता गरेको “नारी विकास संस्था” पनि दलित महिला हकका क्षेत्रमा विभिन्न कार्यक्रमहरु गर्दै आएको देखिन्छ ।

२०६० मा उर्मिला देवी विश्वकर्माको अध्यक्षतामा गठित “सामाजिक विभेद उन्मूलन मञ्च” मा एन्जेला दर्नाल सचिव छन् भने अदना दर्नाल, दिलमाया बि. क., कोपिला परियार र निर्मला विश्वकर्मा लगायतका महिलाहरु यसको नेतृत्वमा देखिएका छन् । यसले पनि महिला अधिकारका निम्ति आवाज उठाउने पहल जारी राखेको छ ।

२०५२ देखि अस्तित्वमा देखिएको “दलित गैरसरकारी संस्था महासंघ” को संस्थापक अध्यक्ष दुर्गा शोभ रहेकी थिईन् । दलित उत्थान र विकासका निम्ति सबै भन्दा बढी दातृ निकायको सहयोग प्राप्त गर्न सफल यस संस्थाको केन्द्रीय नेतृत्व पंक्तिदेखि यस संग आवद्ध दलित संस्थाहरुमा महिलाहरुको हिस्सेदारी अपवादको रुपमा मात्रै रहँदै आएको छ । जे होस् दलित सशक्तीकरणका निम्ति यसको प्रयास जारी रहनु खुशीको कुरा मान्न सकिन्छ ।

परियोजनामुखी संस्थाहरुमा “जागरण मिडिया सेन्टर”, “जनउत्थान प्रतिष्ठान”लगायतका संस्थाहरुको केन्द्रीय नेतृत्वमा महिलाको प्रतिनिधित्व नगन्यरुपमै रहेको छ । यद्यपि त्यहाँ रहेका महिलाहरुले दलित महिलाका मुद्दाहरुलाई उठाउने प्रयास गर्दै आएका छन् ।

## अन्तर्राष्ट्रिय सम्मेलनमा दलित महिला :

१९९५ सेप्टेम्बर ४-१४ मा बेइजिंगमा सम्पन्न चौथो विश्व महिला सम्मेलनमा नेपाली दलित महिला कमला हेमचुरी, दुर्गा शोभ र अम्बिका गजमेर सहभागि भए । उक्त अवसरमा उनीहरुले नेपाली दलित महिलाका समस्यालाई विश्व समुदाय समक्ष प्रथम पटक राख्ने अवसर पाउनु खुशीको कुरा हो ।

"जातीय भेदभाव विरुद्धको तेस्रो विश्व सम्मेलन" (सन् २००१) का निम्ति नेपालमा दलित लगायत जातीय विभेदमा परेका समुदायका संस्थाहरुको संलग्नतामा "राष्ट्रिय तयारी समिति" बन्यो । त्यसमा दलित महिला संघसमेत सदस्य रहेको हुनाले उक्त विश्व सम्मेलन बारे विभिन्न बेला सम्पन्न क्षेत्रीय सम्मेलनमा नेपालका दलित महिलाको प्रतिनिधित्व रह्यो । स्मरणीय छ एशिया प्रशान्त क्षेत्रीय एन. जी. ओ. नेटवर्कको स्टेरिङ्ग कमिटीमा नेपालका तर्फबाट पद्मलाल विश्वकर्मा र दुर्गा शोभ सदस्य रहेका थिए । उक्त कमिटीको निर्णय प्रकृयामा दलित महिलाको भूमिकामा देर्गा शोभ क्रियाशील रहेकी थिइन् । २१ फेब्रुअरी २००१ मा तेहरानमा भएको एशिया प्रशान्त क्षेत्रीय सम्मेलन, १-४ मार्च दिल्लीमा भएको दलित विश्व सम्मेलन अनि २१ मई - जुन १ सम्म जिनेभामा सम्पन्न दोस्रो तयारी समितिको बैठकमा खासगरी दुर्गा शोभ र अम्बिका गजमेर समेत सहभागी भई दलित महिलाका पक्षबाट विविध सबालहरु प्रस्तुत गरेका थिए । २७-२९ अप्रिलमा काठमाडौंमा सम्पन्न "एशिया प्रशान्त क्षेत्रीय एन. जी. ओ. नेटवर्क" बैठकमा पनि उनीहरु दुवैले दलित महिलाका मुद्दा उठाएका थिए ।

उक्त विश्व सम्मेलनको कार्यसूचीमा जातपातको मुद्दा सामेल गर्ने माग गर्दै राष्ट्रिय तयारी समितिको आयोजनामा ३ जुलाई २००१ का दिन पुल्चोक स्थित संयुक्त राष्ट्र संघको भवनमा एक प्रतिनिधि मंडल गई कोफी अन्नानका नाममा ज्ञापन पत्र दिन जाँदा प्रशासनले रोक लगायो । यसको विरुद्धमा पुल्चोकमा सम्पन्न ठूलो विरोध सभा पछि ब्यानर तथा प्लेकार्ड बोकेर हजारौंको संख्यामा रहेको जुलुसलाई प्रशासनले हस्तक्षेप गरी लाठी चार्जद्वारा भीडलाई तितरबितर गरायो । त्यसबेला पक्राउ पर्ने २८ जनामा दुर्गा शोभ सहित ५ जना दलित महिलाहरु पनि रहेका थिए ।

२००१ को २८ अगस्त देखि ७ सेप्टेम्बरसम्म दक्षिण अफ्रिकाको डरबानमा ऐतिहासिकरुपमा सम्पन्न "जातिवाद विरुद्धको तेस्रो विश्व सम्मेलन" मा नेपालबाट सहभागी हुने दलित महिलाहरुमा दुर्गा शोभ, अम्बिका गजमेर, इन्दिरा घले, रेनु सिजापति र टीका विश्वकर्मा रहेका थिए । उक्त अवसरमा भएका गैरसरकारी निकायको समानान्तर बैठकका विभिन्न अवसरहरुमा दलित महिलाहरुले आफ्ना मुद्दाहरु जोरदाररुपमा उठाउने अवसर पाए ।

खासगरी विभिन्न समयमा विदेशमा हुँदै आएका मानव अधिकार, महिला तथा दलित अधिकार सम्बन्धी हुने सभा सम्मेलनहरुमा दलित गैरसरकारी संस्था महासंघ भित्र आवद्ध संस्थाहरुका तर्फबाट दलित महिलाहरु निरन्तररुपमा सहभागी हुँदै आएका छन् । यस्ता सभा-सम्मेलन तथा अन्य अध्ययन भ्रमणबाट सहभागी दलित महिलाहरुले मुलुकभित्रका समस्याहरु बाहिरी जगतमा राख्ने तथा बाहिरका अनुभव बटुलेर नेपाली दलित महिला आन्दोलनलाई तेजपार्न मसला बटुलेका छन् भन्नु अत्युक्ति नहोला ।

**साहित्य, संगीत र अभिनय क्षेत्रमा दलित महिला :**

**साहित्यिक क्षेत्र :** मीठाई देवी विश्वकर्मा, धनकुमारी सुनार, उर्मिला देवी विश्वकर्मा, कमला हेमचुरी, दुर्गा शोभ, मात्रिका गजमेर, स्व. मीना स्वर्णकार, शारदा विश्वकर्मा, बालमाया विश्वकर्मा, अन्जना बिसंखे, पवित्रा सुनार, पञ्चकुमारी परियार र धनरुपा बि. क लगायतले यस क्षेत्रमा थोरबहुत योगदान दिएका छन् । यिनीहरु बहेक राजधानी बाहिर नवोदित धेरै लेखिकाहरु देखा पर्दैछन् ।

**गीत तथा अभिनय क्षेत्र :** कुन्ती सुन्दास (मोक्तान), सपना परियार, पविता परियार, शर्मिला बर्देवा आदिले गायन क्षेत्रको उचाई हासिल गरेका छन् भने निरुता सिंह (खाती), पूजा चन्द (परियार), गीतान्जली सुनार जस्ता मुर्धन्य कलाकारहरुको भूमिका गर्वयोग्य छ ।

**दलित आन्दोलनभित्र दलित महिलाको समावेशीकरणको सवाल :**

इतिहास शाक्षी छ दलित आन्दोलन प्रायः दलित महिला विहीन देखिन्छ र आज पनि त्यो पारा यथावत छ । अपवाद बाहेक दलित संगठनको नेतृत्व दलित महिलाले पाएको देखिँदैन । यस परिप्रेक्षमा सम्झिनै पर्ने कुरा केहो भने सिंगो दलित जनसंख्याको ५१ प्रतिशत हिस्सा महिलाहरुले ओगट्छन् । तर पनि दलित संगठन तथा आन्दोलनको नेतृत्व र अझ भनु सहभागितामै उनीहरुको हिस्सेदारी नगन्य मात्रामा रहँदै आएको छ । दलितले आफ्ना लागि सम्पूर्ण क्षेत्रमा समानुपातिक हिससेदारी वा पहुँचको माग गरी रहँदा हरेक ठाउँमा महिलाको ५० प्रतिशत हिस्सेदारी राख्न कन्जुस्याँइ गर्नु हुँदैन ।

दलित महिला समावेशीकरणको प्रसंगमा अक्तियार गर्नुपर्ने नीतिहरु निम्न अनुसार छन् :

१) सचेतनता : महिलाहरुलाई अन्धविश्वास, हीन भाव तथा पराबलम्बी सोचबाट मुक्त गरी आफ्नो अस्तित्व महसुस गर्ने अनि अन्यायका विरुद्ध संघर्षमा जुट्न सचेतनता जगाउने पहिलो शर्त हो ।

२) दलित समाजभित्र छोरा र छोरीबीच हुँदै आएको असमान सोच र व्यवहार अन्त्य गर्न अभियान चाल्ने ।

३) दलित महिलालाई जमीन-ज्यथा, श्रोत साधन तथा मर्यादाको पहुँच प्राप्ति गराउने ।

४) दलित महिलाबीचकै आपसी उपजातीय विभेद, वर्गीय विभेद, क्षेत्रीय विभेद तथा छुवाछूत विरुद्ध आन्दोलित गराउने ।

५) दाइजो प्रथा, दोहोरी बिहे खर्च वा छांग्रा प्रथा, बहुविवाह, बाल विवाह, घुम्टो प्रथा, वाध्यात्मक सुडेनी प्रथा, परम्पराका नाममा चल्दै आएको यौन शोषण प्रथा विरुद्ध आन्दोलन चलाउने ।

६) वाध्यात्मक रुपले देह व्यापारमा संलग्न हुँदै आएका वादी महिलाको उचित थातबास सहित वैकल्पिक मर्यादित पेशा उपलब्ध गराउने ।

७) पुरुष दलितहरुसंग बिना हिचकिचाहट संगठनमा र आन्दोलनमा आवद्ध हुने ।

८) समग्र महिलाहरुको संगठन र आन्दोलनमा संलग्न हुने वा सहकार्य गर्ने अनि सामन्तवादी संस्कृतिका विरुद्ध सञ्चालित अन्य समूहका आन्दोलनसंग पनि सहकार्य गर्नु पर्ने त्यसै गरी समान प्रकृतिका अन्तर्राष्ट्रिय संगठनहरुसंग भाइचारा सम्बन्ध कायम गर्ने ।

९) लैंगिक विभेद उन्मूलनलाई राष्ट्रिय मुद्दा बनाउने राजनैतिक दललाई मित्र शक्ति मान्ने र त्यसले चलाएका आन्दोलनमा सहकार्य गर्ने ।

१०) विचार धारात्मक स्पष्टता बिना कुनै पनि संगठन वा आन्दोलन टुङ्गोमा पुग्दैन । त्यसैले सामन्तवाद-ब्राम्हणवादको समूल अन्त्य गरी सर्व-समावेशी लोकतान्त्रिक समाज निर्माण गर्ने राजनैतिक चिन्तन बोकेको राजनैतिक दलमा आवद्धभई क्रियाशील हुन जरुरी छ ।

“समाप्त”